**आर्थिक बर्ष २०७९/०८० को नीतिको समीक्षा:**

- आ.ब. २०७९।०८० मा वडा नं १ देखि ८ का भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासको जग्गा नाप जाँच गर्ने काम सम्पन्न भइसकेको र बाकी ९ र १० वडाको कार्य संचालनमा रहेको छ ।
- जग्गा बर्गिकरणको काम अन्तिम चरणमा रहेको छ ।
- ५ कि.मी. कालोपत्रे सडक, ग्रावेल १५ कि.मी., कल्भर्ट ३ वटा, झोलुङ्गे पुल १ वटा, विद्यालय भवन ५ वटा, आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न भएको छ ।
- १५ सैयाको अस्पतालको बोलपत्र आव्हान भई निर्माणाधिन अवस्थामा रहेको छ ।
- क्रिकेट स्टेडियम, कर्भड हल, वडा नं ५ र ९ को वडा कार्यालय भवन, विद्यालय भवन , वडा नं ४ र ६ मा आधारभुत स्वास्थ्य केन्द्र भवन लगायतका निर्माणका कार्यहरु तथा बगुन नदीमा तटबन्ध निर्माणहरु सुचारु रहेका छन्।
- घर नक्सा नियमित तथा अभिलेखिकरण कार्यको लागि सूचना प्रकाशन भएको छ।
- योजना अनुगमन तथा मूल्यांकन नियमित र अनिवार्य गरिएको छ।
- योजनाको गुणस्तर परिक्षणका लागि नगरपालिकामा ल्याबको स्थापनाका लागि आवश्यक बजेटको व्यवस्था गरिएकोमा उपकरणहरु खरिद प्रक्रियामा रहेको छ।
- नगर यातायात गुरुयोजनामा तोकिए बमोजिमको सडक अधिकारक्षेत्र पुर्ण रुपमा लागु गरिएको छ।
- नगरका राजमार्गसँग जोडिएका मूख्य चोकहरुमा HI Mast Light जडानका लागि बजेटको व्यवस्था गरिएको छ।
- समुदाय स्तरमा संचालित स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र प्रभावकारी सेवा प्रवर्द्धनमा जोड दिइएकोमा पूर्ण खोप पाउने बच्चाको संख्यामा बृद्धि भएको, संस्थागत सुत्केरी बृद्धि भएको, औलो रोग, क्षय-कुष्ठ रोगी उपचारको दायरामा आएका छन्।
- महिला स्वास्थ्य स्वयं सेविकाको तालिम तथा आमा समुहको क्षमता अभिबृद्धि, गर्भवती महिलालाइ प्रभावकारी परामर्श सेवा प्रदान गरिएको छ।
- लैंगिक हिसा विरुद्दका १६ दिने अभियान संचालन भइ लैंगिक हिसाका घटनामा न्युनिकरण आएको छ।
- अपांगता भएका व्यक्तिहरुलाई सहायक सामाग्रीहरु वितरण गरि उनीहरुको दैनिक जिवन यापनमा सहज भएको छ।
- विभिन्न सिप विकास तालिमको संचालन गरी नगरवासीहरुलाई व्यवसायी बन्न सहयोग गरिएको छ।
- लागु औषध दुर्व्यसन सम्बन्धी सरोकारवालाहरुको सहभागितामा कार्यक्रम संचालन भइ अपराधिक क्रियाकलापमा न्युनिकरण भएको छ।
- मर्यादित महिनावारी सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरी छाउपडी प्रथाको न्युनिकरण हुनुका साथै विद्यालयमा किशोरीहरुलाई स्यानिटरी प्याड वितरण भई छात्राहरुको विद्यालयमा नियमित उपस्थिति दरमा बृद्धि भएको छ।
- वडा कार्यालय/ टोलमा सा.सु. भता वितरण कार्यको थालनी भएको छ।
- किसानहरुलाई विउ तथा कृषि सामाग्रीमा अनुदान उपलब्ध गराई किसानको आय आर्जन बृद्धिका कार्यक्रम संचालन भएको छ।

- नगरका किसानहरुको पशु स्वास्थ्य उपचारका विभिन्न कार्यक्रम संचालन गरिएको छ।
- विपद्मा परेका व्यक्तिहरुको सहयोगका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिएको छ।
- जेष्ठ नागरिकहरु बिच चौमासिक भलाकुसारी कार्यक्रम, सम्मान कार्यक्रम संचालन गरिएको छ।
- विपन्न नागरिकहरुलाई सहज स्वास्थ्य उपचारको व्यवस्था गरिएको छ।
- हिंसा पिडित महिला तथा बालबालिकाहरुका लागि अल्पकालिन आश्रय सहितको सुरक्षित सेवा केन्द्र संचालनमा आएको छ।
- उद्यम विकासका विभिन्न कार्यक्रमहरु संचालन गरि नगरका विभिन्न साना उद्यमीहरुलाई प्रोत्साहित गरिएको छ।
- १०० जना नगरबासी बेरोजगारहरुलाई प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत रोजगारी दिइएको छ।
- बैदकोट नगरपालिकाका सामुदायिक चौपायाहरुलाई वडा नं ४, बैतडा स्थित बालज्योति मा.बि.को खाली रहेको जग्गामा गौशाला निर्माण गरी व्यवस्थित गरिएको छ।
- वडा नं २, जडेपानीमा दैजी छेला औद्योगिक क्षेत्रको सम्पर्क कार्यालय स्थापना भएको छ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको बिमा कार्यक्रमको थालनी गरिएको छ ।
- प्रति वडा ५० जनाका दरले नगरपालिकाका ५०० जना जोखिमपुर्ण काम गर्ने नागरिकहरुको जोखिम बिमा कार्यक्रम शुरु गरिएको छ ।
- SEE र +2 मा नतिजा सुधारका लागि सबै विद्यालयहरुमा विशेष कक्षाहरु संचालन गरिएका छ ।

अब म बेदकोट नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को नीति र कार्यक्रम यस नगर सभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस वेदकोट नगरपालिकाको दीर्घकालिन सोच **"समृद्ध वेदकोट नगरको आधार, कृषि उद्योग पर्यटन र पूर्वाधार"** रहेको छ । सोही सोचलाई पुरा गर्नका लागि आगामी आ.ब. का लागी देहायका नीतिहरु अबलम्बन गरिनेछन् ।

**शिक्षा सम्बन्धी नीति :**

१. शैक्षिक सत्र २०७९ सालको शैक्षिक तथ्यांक विश्वेषण गर्दा प्रारम्भिक वालविकास र विद्यालय उमेरका केही बालबालिका अझै पनि विद्यालय बाहिर देखिएकाले सबै बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षाको पहुँचमा पुर्‍याउन सरोकारवाला व्यक्ति तथा निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२. समुदायसँगको साझेदारीमा नमूना बालविकास केन्द्र विकास र सञ्चालन गरिनेछ ।

३. संघीय तथा प्रदेश सरकारसंग समन्वय गरी विद्यालयको भौतिक आर्थिक शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको गुणस्तर प्रबर्द्धन गरिनेछ ।

४. आधारभूत र माध्यमिक शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्न समुदाय परिचालन गरी सरोकारवालाहरुसंग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

५. विद्यालय शिक्षाको सक्षमता वृद्धि गर्न प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धनमा आवश्यक पहल गरिनेछ ।